विधेयक संख्याः

मितिः

# बृहत विराट क्षेत्र विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

प्रदेश सभा सचिवालय
प्रदेश नं. १
विराटनगर, नेपाल

# <u>बृहत विराट क्षेत्रको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५</u>

**<u>प्रस्तावना</u>** : मोरङ्ग र सुनसरी जिल्लाका केही नगरपालिका र गाउँपालिकाको आवश्यक क्षेत्रलाई समेटेर बृहत विराट विकास क्षेत्र बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश नं. १ को प्रदेश सभाले यो ऐन बनाइ लागू गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यो ऐनको नाम "बृहत विराट विकास क्षेत्र सम्बन्धी ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस ऐनमा,

(क) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ ।

(ख) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँपालिका सम्झनु पर्छ ।

(ग) "विषय विज्ञ" भन्नाले सम्बन्धित विषयमा स्नातक उतिर्ण गरी कम्तिमा वीस वर्षको अनुभव हासिल गरेको व्यक्तिलाई सम्झनु पर्छ ।

(घ) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. १ को मन्त्रीपरिषद् सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएका नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिका समेतलाई जनाउँछ ।

(च) "समिति" भन्नाले यस ऐन बमोजिम गठन हुने बृहत बिराट विकास क्षेत्र समिति सम्झनु पर्छ ।

३. **<u>बृहत विराट विकास क्षेत्र सम्बन्धी व्यवस्था</u>** : (१) सुनसरी र मोरङ्ग जिल्लाका अनुसूची-१ बमोजिमका गाउँपालिका र नगरपालिकाको क्षेत्र समेटेर एक बृहत विराट विकास क्षेत्र रहनेछ ।

(२) उपदफा (१) बमोजिमका क्षेत्रमा प्रदेश सरकारले एकिकृत विकास आयोजना संचालन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको आयोजना संचालन गर्दा प्रदेश सरकार एक्लैले वा अन्तराष्ट्रिय सहयोग, संघीय सरकार, सम्बन्धित गाउँपालिका वा नगरपालिका तथा निजी क्षेत्रसँगको समेत साझेदारी गर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम आयोजना संचालन गर्नु पूर्व प्रदेश सरकारले आयोजना संचालन सम्बन्धी निर्देशिका जारी गर्नेछ ।

४. **<u>समितिको गठन</u>** : (१) दफा ३ बमोजिमको क्षेत्रको एकीकृत विकासका निम्ती संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह बीचमा समन्वय गर्न र संचालित एकीकृत विकास

आयोजनाको ढाँचा, खाका र मापदण्ड निर्धारण गर्न साथै आयोजना संचालन, अनुगमन र समन्वय गर्न प्रदेश सरकारले एक बृहत विराट विकास क्षेत्र समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) भौतिक पूर्वाधार विकास मन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकारले मानोनय गरेको प्रदेश सभाका सदस्यहरु मध्येबाट कम्तिमा १ जना महिला सहित ३ जना -सदस्य

(ग) प्रदेश सरकारले महानगरपालिकाका, उपमहानगरपालिकाका र गाँउपालिका प्रमुखहरु मध्येबाट मनोनयन गरेको ३ जना -सदस्य

(घ) प्रदेश सरकारले मनोनयन गरेको अर्थशास्त्र, इन्जिनियरीङ्ग, कानून, व्यवस्थापन, शहरी योजना (Urban Planning) विषयका विज्ञ व्यक्तिहरु मध्येबाट एक जना महिला सहित ३ जना - सदस्य

(ङ) मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सचिव मध्येबाट प्रदेश सरकारले तोकेको सचिव - सदस्य

(च) भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव - सदस्य

(छ) प्रमुख कार्यकारी निर्देशक - सदस्य सचिव

५. **<u>प्रमुख कार्यकारी निर्देशक सम्बन्धी व्यवस्थाः</u>** (१) बृहत विराट विकास क्षेत्र समितिको प्रत्यक्ष निर्देशनमा रही समितिको दैनिक प्रशासनिक कार्य सञ्चालन र समितिद्वारा गरिने कार्य सम्पादन गर्न एक प्रमुख कार्यकारी निर्देशक रहनेछ ।

(२) प्रमुख कार्यकारी निर्देशक प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ ।

(३) प्रमुख कार्यकारी निर्देशकको पारिश्रमिक सेवा सुविधा प्रदेश सरकारको मन्त्रालयको सचिव सरह हुनेछ र समितिले आवश्यक ठानेमा कार्यबोझलाई समेत बिचार गरी थप सुविधा उपलब्ध गराउँन सक्नेछ ।

६. **<u>प्रमुख कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः</u>** प्रमुख कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) समितिको प्रशासनिक प्रमुख भई कार्य गर्ने,

(ख) अध्यक्षको निर्देशनमा समितिको बैठक वोलाउने,

(ङ) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) संचालित आयोजनाको अनुगमन गरी अनुगमनको मुल्याङ्कन प्रतिवेदन समिति समक्ष पेश गर्ने, गराउने,

(ङ) संचालन गरिने आयोजनाका निम्ति निजी क्षेत्र र स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(च) तोकिएका अन्य कार्य गर्ने ।

७. **बैठक सम्बन्धी व्यवस्था**: (१) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा बस्नेछ ।

(२) बैठक सम्बन्धी कार्यविधि समिति स्वयमले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **प्रमुख कार्यकारी निर्देशकको योगयता**: प्रमुख कार्यकारी निर्देशकको नियुक्तीका लागी देहाय बमोजिमको योग्यता आवश्यक हुनेछः

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र वा व्यवस्थापन वा इञ्जिनियरिङ्ग वा शहरी योजना(Urban Planning) वा कानून विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको,

(ग) नियुक्त हुँदाको बखत पैंतीस वर्ष उमेर पूरा भएको,

(घ) प्रचलित कानूनले अयोग्य नठहऱ्याएको ।

९. **प्रमुख कार्यकारी निर्देशकको नियुक्ती सम्बन्धी व्यवस्था**: (१) दफा ६ बमोजिमको प्रमुख कार्यकारी निर्देशकको नियुक्ति गर्न प्रदेश सरकारले तोकेबमोजिमको छनौट समितिले तोकिए बमोजिमको परीक्षा लिई तीन जना व्यक्तिको नाम प्रदेश सरकारसमक्ष सिफारिस गर्नेछ र प्रदेश सरकारले तीन जना उम्मेदवार मध्ये एकजना व्यक्तिलाई प्रमुख कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियूक्त प्रमुख कार्यकारी निर्देशकको अवधि पाँच वर्षको हुनेछ ।

(३) समितिले आफ्नो कार्य सम्पादन गर्न प्रदेश सरकारले तोकेबमोजिमको कार्यालय संरचना र प्रदेश सरकारबाट स्वीकृत दरबन्दीमा प्रदेश सरकारबाट खटिएका कर्मचारीहरु रहनेछन्।

१०. **प्रमुख कार्यकारी निर्देशकको पदमुक्ति सम्बन्धी व्यवस्था**: प्रमुख कार्यकारी निर्देशकको पदमुक्ति देहाय बमोजिम हुनेछः

(क) निजले अध्यक्ष समक्ष राजिनामा दिएमा ।

(ख) मृत्यू भएमा ।

(ग) पदमा रहेकै बखत प्रचलित कानूनले अयोग्य ठहऱ्याएमा ।

(घ) समयावधि समाप्त भएमा ।

(ङ) कार्य क्षमताको अभाव भएको कारणले प्रदेश सरकारले पदमुक्त गरेमा ।

**स्पष्टिकरण** : तर खण्ड (ङ) बमोजिम पदमुक्त गर्दा निजलाई सफाई पेश गर्ने मौका दिईनेछ ।

११. **बृहत विराट विकास क्षेत्र समितिको काम, कर्तव्य र अधिकार**: बृहत विराट विकास क्षेत्र समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) नेपाल सरकारको भूउपयोग नीतिको अधिनमा रहि क्षेत्रको समग्र भौतिक पूर्वाधार तथा आर्थिक विकासको गुरुयोजना निर्माण गर्नेछ।

(ख) नीतिगत उद्धेश्य प्राप्तिको लागि आर्थिक विश्लेषण गरि प्रदेश सरकारमा पेश गर्नेछ।

(ग) अन्तराष्ट्रि ,संघीय, प्रादेशिक र स्थानीय तहले लागत व्यहोर्ने क्षेत्रहरुको निर्धारण गरि नीजि क्षेत्रसँगको साझेदारी कार्ययोजना निर्माण गर्नेछ ।

(घ) प्रदेश सरकारको स्वीकृतिमा अन्तराष्ट्रिय ,संघीय, स्थानीय तह तथा निजी क्षेत्रसँग समन्वय र लगानीमा पहल गर्नेछ।

(ङ) एकिकृत योजनाहरुको निर्माण तथा संचालन गर्नेछ।

(च) कार्यसंचालनमा आवश्यक संरचना र जनशक्ति को प्रस्ताव प्रदेश सरकारमा पेश गर्नेछ।

(छ) प्रदेश सरकार समक्ष वार्षिक प्रतिवेदन पेश गर्नेछ।

(ज) प्रदेश सरकारवाट प्राप्त निर्देशानुसार अन्य कार्य गर्नेछ।

१२. **प्रत्यायोजित व्यवस्थापन** : यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यकता अनुसार नियमावली, निर्देशिका वा मापदण्ड स्वीकृत गरी लागू गर्न सक्नेछ ।

अनुसूची– १

**(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)**

**<u>बृहत विराट विकास क्षेत्रमा समावेश हुने गाउँ तथा नगरपालिकाहरुको नामावली</u>**

| | | |
|---|---|---|
| १. | विराटनगर महानगरपालिका | - मोरङ्ग जिल्ला |
| २. | सुन्दरहरैचा नगरपालिका | - मोरङ्ग जिल्ला |
| ३. | इटहरी उपमहानगरपालिका | - सुनसरी जिल्ला |
| ४. | बर्जु गाँउपालिका | - सुनसरी जिल्ला |
| ५. | रामधुनी नगरपालिका | - सुनसरी जिल्ला |
| ६. | गढी गाँउपालिका | - सुनसरी जिल्ला |
| ७. | इनरुवा नगरपालिका | - सुनसरी जिल्ला |
| ८. | धरान उपमहानगरपालिका | - सुनसरी जिल्ला |
| ९. | दुहवी नगरपालिका | - सुनसरी जिल्ला |
| १०. | बुढीगंगा गाँउपालिका | - मोरङ्ग जिल्ला |
| ११. | ग्रामथान गाँउपालिका | - मोरङ्ग जिल्ला |
| १२. | कटहरी गाँउपालिका | - मोरङ्ग जिल्ला |
| १३. | जहदा गाँउपालिका | - मोरङ्ग जिल्ला |
| १४. | कोशी गाँउपालिका | - सुनसरी जिल्ला |
| १५. | वराहक्षेत्र नगरपालिका | - सुनसरी जिल्ला |
| १६. | रंगेली नगरपालिका | - मोरङ्ग जिल्ला |
| १७. | केरावारी गाँउपालिका | - मोरङ्ग जिल्ला |
| १८. | धनपालथान गाँउपालिका | - मोरङ्ग जिल्ला |

उपरोक्त सम्बन्धमा मिति २०७६/१/१५ गते बसेको प्रदेश सभाको तेस्रो अधिवेशनको ३३ औं बैठकले पारित गरेको विधेयक "बृहत विराट क्षेत्रको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" नेपालको संविधानको धारा २०१(१) बमोजिम प्रमाणित गर्दछु ।

___________________

मा. प्रदिप कुमार भण्डारी

सभामुख